विषय : नेपाली

कक्षा : सात

खण्ड : २

# बोध तथा रचना

**१. तलको अनुच्छेद पढेर सोधिएका प्रश्नहरूको उत्तर लेख्नुहोस्:**

'जीवन काँडा कि फूल' साहित्य विधाको आत्म जीवनीपरक निबन्ध सङ्ग्रह हो । यसमा साहित्यकार झमक घिमिरेले आफ्नो कष्टपूर्ण बाल्यजीवन र अक्षर चिन्न तथा लेख्न गरेको सङ्घर्षको चित्र उतारेकी छन् । आफ्नो जीवनका तिस वर्षसम्मका अनुभूतिहरूको वर्णन गरेकी छन् । नेपाली सामाजिक संस्कार र तिनका खराब पक्षहरूको पर्दाफास गरेकी छन् । सामाजिक विकृति विसङ्गतिमाथि कडा प्रहार र सुधारको शङ्खघोष गरेकी छन् । आफ्नो बाल्यजीवनको करुण कहानी लेखेकी छन् । यो कृति पढ्दा जसका पनि आँखा रसाउँछन् । शिक्षालयमा कहिल्यै पाइलो नहालेकी झमकले लेखेको यो पुस्तक धेरै स्तरीय र बौद्धिक चिन्तनयुक्त छ । वि.सं. २०६७ मा यो कृति प्रकाशित भएको थियो । कृति प्रकाशित भएपछि उनी राष्ट्रिय स्तरमा नै चर्चित भइन् । उनले विभिन्न पुरस्कार प्राप्त गरिन् ।

नागरिक अभिन्दनद्वारा समेत सम्मानित भइन् । तीमध्ये लायन्स क्लब अफ होली सिटी, सिद्धार्थ नगर भैरहवाको आयोजनामा सम्पन्न वि.सं. २०६८ को नागरिक अभिनन्दन अतुलनीय छ । सो अभिनन्दनमा समाजको सबै वर्गका हजारौँ जनताको उत्साहपूर्ण उपस्थिति थियो । सो समारोहमा झमकलाई रथारोहणसहित नगर परिक्रमा गराइएको थियो । उनलाई २ लाख ११ हजार रुपियाँ पुरस्कार स्वरुप प्रदान गरिएको थियो । यसअघि वि.सं. २०६७ मा उनी नेपालमा साहित्यतर्फको नोबेल पुरस्कार मानिने दुई लाख रुपियाँको मदन पुरस्कारबाट पनि पुरस्कृत भएकी थिइन् । उनले उत्तम शान्ति पुरस्कार, शङ्कर लामिछाने पुरस्कार तथा पद्मश्री सम्मानसमेत पाइन् ।

**प्रश्नहरू :**

क) 'जीवन काँडा कि फूल' साहित्य विधाको कुन सङ्ग्रह हो ?

ख) यस निबन्ध सङ्ग्रहमा साहित्यकार झमक घिमिरेले केको चित्र उतारेकी छन् ?

ग) उनी वि.सं. २०६७ मा कुन पुरस्कारबाट पुरस्कृत भएकी थिइन् ?

घ) झमकले लेखेको आत्मजीवनी पढ्दा किन जसका पनि आँखा रसाउँछन् ?

ङ) **शिक्षालय** र **अतुलनीय** शब्दको अर्थ लेख्नुहोस् ।

**२. दिइएका बुँदाहरूका आधारमा कथा तयार पारी उपयुक्त शीर्षक राख्नुहोस् :**

एउटा ठूलो जङ्गल हुनु .... काग र कोइली त्यही जङ्गलमा बस्नु ..... दुवैमा राम्रो मित्रता हुनु ...... एक दिन तिनीहरू काठमाडौँ घुम्न हिँड्नु ... गोदावरी पुग्नु .... स्याल काकासँग भेट हुनु .... साँझमा सबै जङ्गली जनावरहरू स्याल काकाकहाँ जम्मा भएर रमाइलो कार्यक्रम गर्नु .... काग र कोइलीले गीत गाउनु .... कागको स्वर कसैलाई मन नपर्नु .... सबैले कोइलीको प्रशंसा गर्नु ..... कागलाई कसैले वास्ता नगरेकामा रिस उठ्नु .... खुरुखुरु आफ्नो बाटो लाग्नु .... स्याल र कोइलीले सम्झाएर नरिसाउन अनुरोध गर्नु .... कागले मान्नु ... सबैले मिलेर बस्ने वाचा गर्नु ।

**३. कोरोना सङ्क्रमणले निम्त्याएको विश्वव्यापी कहर र यसबाट बच्ने उपायका बारेमा जानकारी दिँदै गाउँमा बस्ने आफ्नो भाइलाई एउटा चिठी लेख्नुहोस् ।**

# व्याकरण खण्ड

## शब्द भण्डार

**४. कोष्ठकमा दिइएको उपयुक्त शब्द छानी खाली ठाउँ भर्नुहोस:**

क) **सामान्य**को पर्यायवाची शब्द.............हो. । (प्रख्यात, प्रमुख, साधारण)

ख) .............श्रुतिसमभिन्नार्थक शब्द हुन् । (भित्र-मित्र, दर-थर, साठी-साथी)

ग) **वैरी** र **मित्र** ...........शब्द हुन् । (विपरीतार्थी, अनेकार्थी, पर्यायवाची)

घ) **शाकाहारी**को विपरीतार्थी शब्द.........हो । (स्वस्थ, मांसाहारी, उपकारी)

ङ) .......... अनेकार्थी शब्द होइन । (साँचो, साथी, साल)

च) .......... अनेकार्थी शब्द हो । (प्रश्न, उत्तर, पुस्तक)

**५. तलका रेखाङ्कित शब्दहरूको शब्दवर्ग छुट्याउनुहोस्:**

क) कोरोना भाइरस सङ्क्रमणले गर्दा यसपालि मामाघर जान पनि पाइएन है !

ख) उनीहरू त विद्यालयका निकै अनुशासित विद्यार्थी पो रहेछन् नि !

**६. तल दिइएका शब्दार्थ पढी अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर्नुहोस् :**

आराधना : प्रार्थना

प्रेरणा : हौसला

योगदान : देन

परहित : अर्काको भलाइ

रिपु : शत्रु


**विषय शिक्षक:** रुक्मिणी बडू (भट्ट)

**सम्पर्क नं.: ९८४११४८४९५**

**इमेल:** rukminibadu@gmail.com